# दस



**किशोरकुमार कार्की**

नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गर्नुभएका **किशोरकुमार कार्की** धरानमा रही पत्रकारितामा सक्रिय हुनुहुन्छ । विगत १२ वर्षदेखि *ब्लाष्ट टाइम्स* दैनिकको सम्पादन र प्रकाशनको भूमिका निर्वाह गरिरहनु भएको छ । *ब्लाष्ट*कै सह-प्रकाशनहरू– *हेल्थ* मासिक र *अन्तर्क्रिया* मासिकको प्रकाशन र सम्पादनमा पनि उहाँ सरिक हुनुहुन्छ । उहाँले बाल्टिक मिडिया सेन्टर नामक संस्था र डेनिस स्कूल अफ जर्नालिज्मका प्रशिक्षकहरूबाट प्रशिक्षक प्रशिक्षण तालिम लिई हाल पूर्वाञ्चलमा पत्रकारितामा प्रशिक्षकको भूमिका निर्वाह गरिरहनु भएको छ । विभिन्न संस्थाहरूबाट सम्मानित हुनुभएका कार्की हाल मेची महाकाली मिडिया सोसाइटीको केन्द्रीय उपाध्यक्ष र प्रेस चौतारी नेपाल सुनसरीको अध्यक्ष हुनुहुन्छ ।

**काठमाडौँबाहिर पत्रिका निस्कने र बन्द हुने क्रम धेरै छ। *ब्लाष्ट टाइम्स*ले भने प्रकाशनको बाह्रौँ वर्ष पूरा गरिसकेको छ र प्रेस काउन्सिल नेपालको वर्गीकरणमा विगत केही वर्षदेखि लगातार 'क' वर्गमा पर्दै आएको छ। यसको सफलताको कारण के होला ?**

पत्रिका निस्कने र बन्द हुने क्रम धेरै कारणले भइरहेको मेरो ठम्याइ छ । पहिलो कुरा त पत्रिका टिकाउनका लागि त्यसको मूल आधार भनेको विज्ञापन हो । विज्ञापन प्राप्त गर्नका लागि पत्रिकाको वितरण सङ्ख्या (सर्कुलेशन) राम्रो हुनुपर्छ । पत्रिकाको वितरण राम्रो हुनका लागि पत्रिका पठनीय र व्यावसायिक हुनुपर्छ । दोस्रो कुरा, भनेको सरकारले कसले व्यावसायिक पत्रकारिता गरिरहेको छ, कसले छैन भन्ने कुरा छुट्ट्याउन कुनै चासो वा पहल गरेको छैन । वर्गीकरणमा परेर सरकारी सुविधा मात्र प्राप्त गर्न प्रकाशन हुँदै आएका पत्रिकाहरू पनि थुप्रै छन् । व्यावसायिक हिसाबले पत्रकारितामा समर्पित पत्रिकाहरू त्यस्ता सुविधा मात्र खाने गरी प्रकाशन हुँदै आएका पत्रिकाहरूका कारण पनि ओझेलमा पर्ने सम्भावना हुन्छ । अर्को समस्या भनेको विज्ञापन जति सबै काठमाडौँबाट प्रकाशित हुने दैनिकलाई नै दिनुपर्छ भन्ने मान्यता रहिरहनु हो, जसले गर्दा स्थानीय विज्ञापन स्थानीय पत्रपत्रिकाले पाउनबाट वञ्चित हुनु परेको छ ।

*ब्लाष्ट टाइम्स* 'क' वर्गमा पर्नुको कारण यसका पाठकहरू, यसको टिम वर्क र हामी लगानीकर्ता बीचको कुशल समन्वय र संयोजन हो ।

**पूर्वाञ्चल धेरै हिसाबले देशका अरू क्षेत्रभन्दा सम्पन्न छ भनिन्छ। तर यहाँको पत्रकारिताको स्थिति अन्यत्रभन्दा कमजोर नै देखिन्छ। यसको कारण के होला ?**

अन्यत्र भनेको कहाँको कुरा गर्न खोज्नुभएको हो ? यहाँको पत्रकारिताको स्थिति अन्यत्र भन्दा कमजोर देखिन्छ भन्ने कुरामा म सहमत छैन । छयालीस सालपछि पूर्वाञ्चलका पत्रिकाहरू क्रमशः व्यावसायिकतातर्फ उन्मुख भइरहेका छन् । खासगरी युवा पिंढीद्वारा सञ्चालित पत्रिकाहरूमा व्यावसायिकताको भावना विकसित हुँदै गएको पाउन सकिन्छ ।

**तैपनि पत्रकारिताको गतिविधिका हिसाबले र नियमित निस्कने पत्रिका तथा एफएम स्टेसनका सङ्ख्याको आधारमा बुटवल, पोखरा लगायत पश्चिमका अन्य सहर अघि भएको पाइन्छ नि। तपाईंलाई त्यस्तो लाग्दैन ?**

सङ्ख्याको हिसाबले पूर्वाञ्चलभन्दा अरू अगाडि हुन सक्छन् । तर गुणात्मकताको प्रश्न अहम् हुनुपर्छ । छापाकै कुरा गर्ने हो भने कुन पत्रिका कति सङ्ख्यामा प्रकाशन हुन्छन् भन्ने कुरालाई हेरिनुपर्छ । *ब्लाष्ट*कै कुरा गरौँ । मोफसलमै सबैभन्दा बढी विक्री हुने यो पत्रिका *कान्तिपुर* र *नेपाल समाचारपत्र* आउनुभन्दा अघिको स्थितिमा २२ हजार नियमित प्रकाशित हुन्थ्यो । अहिले पनि यसको सङ्ख्या १३ हजारभन्दा घटेको छैन । यतिको सङ्ख्यामा अरू कहाँबाट पत्रिका प्रकाशन हुन्छ होला र ?

पूर्वाञ्चलको झापामा अहिले तीनओटा एफएम रेडियो र सातओटा दैनिक नियमित रूपमा सञ्चालन भइरहेका छन् । मोरङमा पनि व्यावसायिक हिसाबले तीनओटा दैनिक प्रकाशित भइरहेका छन् । अब यो सङ्ख्यालाई यसको गुणको कसीमा राखेर हेर्ने हो भने पूर्वाञ्चल पछि छ भन्न मिल्दैन जस्तो लाग्छ । एफएमको कुरा पनि त्यस्तै हो । एफएमलाई मूल्याङ्कन गर्ने आधार यसको श्रोतासम्मको पहुँच कति छ भन्ने हो ।

***ब्लाष्ट टाइम्स*को बाह्रौँ वर्ष विशेषाङ्कको विशेष सम्पादकीयमा 'धरानलाई केन्द्रविन्दु बनाएर सिङ्गो पूर्वाञ्चललाई समृद्ध र सम्पन्न तुल्याउने परिकल्पना लिएर *ब्लाष्ट* सञ्चालन गरेको' भन्ने उल्लेख छ । कुनै स्थानलाई पत्रिकामार्फत के के गरेर समृद्ध र सम्पन्न तुल्याउन सकिन्छ ? यस दिशामा कति सफल हुनुभएको छ त तपाईंहरू ?**

कुनै लक्ष्य हासिल गर्नका लागि कुनै ठाउँमा रहेर काम गर्नैपर्ने हुन्छ, जहाँ कामको सुरुआत गरिन्छ त्यो नै आफू काम गर्ने केन्द्रविन्दु हुन्छ । आफू जन्मेको ठाउँ धरानमा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याउनका लागि धरानवासीले गरेको आन्दोलनसँगै बुलेटिनको रूपमा होमिएको *ब्लाष्ट*ले प्रधान सम्पादक राजकुमार कार्कीको नेतृत्वमा भूमिका निर्वाह गरेको *ब्लाष्ट*का पाठक सामु छर्लङ्गै छ । हामी पूर्वाञ्चलको मात्रै कुरा गर्दैनौँ । तर हामी अरूको (काठमाडौँबाट प्रकाशित हुने राष्ट्रिय दैनिकहरू) भन्दा आर्थिक, भौतिक रूपले पुड्को भएकोले त्यो सोचाइ पछिको मात्रै कुरा हो । गाउँ, जिल्ला हुँदै आफ्नो क्षेत्रलाई अन्य क्षेत्रभन्दा प्रतिस्पर्धी बनाउन पनि यो सोच हामीले ल्याएका हौँ । पूर्वाञ्चल समृद्ध र सम्पन्न हुन पहिला यहाँका जनताको चेतनास्तर माथि उठ्नुपर्छ । पहिला आफू अधिकार सम्पन्न हुने र त्यसपछि कर्तव्यपथतिर लम्किनुपर्ने हुन्छ । आफ्नो घरको काम आफैँले नगरी हुँदैन, आफ्नो गाउँको काम (विकास, निर्माण आदि) आफैँले गर्न अघि नसरी हुँदैन । यसका लागि आफ्नो काम गर्ने

शैली र सोच भ्रष्टाचाररहित हुनुपर्छ । भ्रष्टाचारका विरुद्ध हाम्रो अभियान तीव्र छ ।

पत्रकारिताले खेल्ने मुख्य चारओटा भूमिका १) शिक्षा २) मनोरञ्जन ३) सूचना र ४) अभिप्रेरणा नै समृद्ध र सम्पन्नताका पृष्ठपोषकहरू हुन् । *ब्लाष्ट*ले यी कुराहरू पूरा गर्न प्रयत्न गरिरहेको छ । समृद्ध र सम्पन्न बनाउने कुरामा हामी सफल भएका छौँ त भन्दैनौँ तर हाम्रो प्रयास निरन्तर भइरहेको छैन पनि भन्दैनौँ ।

**तपाई त *ब्लाष्ट*को प्रकाशक पनि हो । यसमा लगानी कस-कसले गरेको हो ? यसको संस्थागत स्वरूप कस्तो छ । यसका शाखा कार्यालयहरू कहाँ कहाँ छन् ? कहाँसम्म पुग्छ यो पत्रिका ?**

सम्पादनबाहेक प्रकाशनको चाँजोपाँजो मिलाउने अभिभारा पनि उत्तिकै भएकोले म प्रकाशक पनि हो । तर आजभन्दा ५/६ वर्ष अगाडिको प्रकाशक र अहिलेको प्रकाशकमा म फरक छु । तर प्रकाशक भन्नेबित्तिकै लगानीकर्ता नै हो भनी व्याख्या गर्न मिल्दैन । हामी चार जना दाजुभाइ (जसको जिम्मेवारी फरक फरक ढङ्गले *ब्लाष्ट*का लागि निर्वाह भइरहेको छ) को लगानी छ *ब्लाष्ट*मा । कानूनी हिसाबले लगानीकर्ता म देखिए पनि व्यावहारिक हिसाबले त्यस्तो छैन । यसलाई हामी चाँडै प्रालिमा परिवर्तन गर्दैछौँ ।

काम गर्न सजिलोका लागि हामीले शाखा र उपशाखाको सोच राखी मेचीको ताप्लेजुङ, कोशीको तेह्रथुम र जनकपुरको सिन्धुलीसम्म पत्रिकालाई लैजाने काम गर्‍यौँ । छओटा शाखा– बिर्तामोड, दमक, इटहरी, विराटनगर, धनकुटा, काठमाडौँ र अरूलाई उपशाखामा कार्य विभाजन गरी काम गरिरहेका छौँ ।

***ब्लाष्ट*को जनशक्ति कति छ ? तिनको दक्षताबारे केही भन्न सकिन्छ कि । पत्रकारलाई सीप र दक्षता अभिवृद्धिका अवसर कत्तिको उपलब्ध छन् ?**

*ब्लाष्ट*को जनशक्ति प्रेस र पत्रिकामा गरेर ६० जनाभन्दा बढी छन् । पत्रिकामा काम गर्ने सम्पादक, संवाददाताहरू सबै तालिम प्राप्त छन् । उनीहरूका लागि *ब्लाष्ट*ले कहिलेकाहीँ आफैँ पनि 'इनहाउस' तालिम दिँदै आएको छ । उनीहरूका लागि सीप र दक्षता वृद्धिको अवसर प्रचुर छ । कतैबाट उनीहरू छनोटमा परे भने वा कुनै तालिममा कहीँ जानु पर्‍यो भने *ब्लाष्ट*ले कहिल्यै पनि र कसैलाई पनि रोक्ने गरेको छैन । त्यस्तो बेला उनीहरू बेतलबी पनि हुँदैनन् ।

**मिडियामा लगानी गर्नेहरूले स्वार्थवश सम्पादकीय स्वतन्त्रतालाई पनि प्रत्यक्ष अप्रत्यक्ष हस्तक्षेप गर्ने गरेको सुन्न पाइन्छ। *ब्लाष्ट टाइम्स*को सम्पादकीय समूहमा पत्रिकामा लगानी गर्नेहरू नै पनि हुनुहुन्छ। प्रकाशकीय स्वार्थ र सम्पादकीय स्वतन्त्रतालाई कसरी सन्तुलनमा राख्नुभएको छ ?**
*ब्लाष्ट टाइम्स*को सम्पादकीय स्वतन्त्रता र प्रकाशकीय स्वार्थ आकाश र धर्तीको जति सम्बन्ध छ, त्यति मात्रै हो। किनभने आकाशले धर्तीलाई र धर्तीले आकाशलाई हस्तक्षेप गर्न सक्दैन। *ब्लाष्ट*को यही एउटा रमाइलो पक्ष हो, जसका कारण यो पूर्वाञ्चलमा लोकप्रिय छ।

***ब्लाष्ट टाइम्स*को मास्टहेडसँगै 'राष्ट्रिय दैनिक समाचारपत्र' भन्ने विशेषण छ। यसको तात्पर्य के हो ?**
राष्ट्रिय दैनिकको तात्पर्य स्पष्ट हुनुपर्ने हो। केही वर्षअघि मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय दैनिक हुनका लागि मापदण्ड निर्धारण गरेको छ। निर्धारित मापदण्डमध्ये क श्रेणीमा परेका १० हजारभन्दा बढी निस्कने पत्रिकालाई राष्ट्रिय दैनिकको मान्यता दिने निर्णय भएको थियो। त्यसकारण हामीले यो राष्ट्रिय दैनिक भन्ने शब्द प्रयोग गरेका हौँ। *ब्लाष्ट टाइम्स*को सर्कुलेसन अहिले १३ हजारभन्दा बढी छ।

**तपाईंको पत्रिकामा हत्या, हिंसा जस्ता अपराधका समाचार र यौनसम्बन्धी समाचारले प्राथमिकता पाएको देखिन्छ। *ब्लाष्ट*को समाचार स्रोत नै अस्पताल र पुलिस चौकी हो भन्ने आरोप लगाउने गरेको पनि पाइन्छ। दुर्घटना, अपराध र यौनसम्बन्धी समाचारलाई किन प्राथमिकतामा राखिएको हो ?**
प्राथमिकता त जुन घटना बढी हुन्छ , त्यसैले प्राथमिकता पाउने हो। *ब्लाष्ट*को समाचार स्रोत नै अस्पताल र पुलिस चौकी हो भन्ने आरोप लगाउने एक दुई जनाको पूर्वाग्रही ढङ्गको सोच र त्यो सोचलाई आधार मानेर त्यसको पछि दगुर्नेहरूको हुइँया मात्र हो। तथापि हामीले घटनाप्रधान समाचार (हार्ड न्यूज) लाई प्राथमिकताका साथ छाप्छौँ। चाहे त्यो हत्याको होस्, चन्दा असुलीको होस्, घुसखोरी, भ्रष्टाचारको होस् अथवा कुटपिटको होस् वा चोरी, आगलागी, बाढी, पहिरो जे सुकै भए पनि तत्काल र छोटकरीमा पाठकलाई तत्काल चाहिने सूचना दिने गरेका छौँ। पूर्वाग्रही ढङ्गले व्याख्या विश्लेषण गरी आरोप लगाउनेहरूको पछि दगुर्न सकिँदैन।

**_ब्लाष्ट_ले थुप्रै सामाजिक सवालबारे समाचार लेख्न सक्ने हो तर त्यसो भइरहेको छैन । २०६३ असोज २ को _ब्लाष्ट_को अङ्कमा सीताराम गौतमले पनि कृषि र विकाससम्बन्धी विषयवस्तुलाई _ब्लाष्ट_ले समेट्न नसकेको आरोप आफ्नो लेखमार्फत लगाएका छन् । किन होला, थुप्रै सामाजिक विषयवस्तु पाखामा परेका ?**

हाम्रो प्रयास थुप्रै सामाजिक सवालबारे लेख्नेमा केन्द्रित छ । थुप्रै सवालमा शतप्रतिशत लेख्न सक्यौँ भन्दैनौँ । कम्तीमा एक महिनाको पत्रिका पल्टाएर हेरेमा थाहा हुन्छ । सीताराम गौतमजीको भनाइमा म सहमत छु । उहाँको भनाइलाई आरोपका रूपमा नभई सकारात्मक सुझावका रूपमा हामीले लिएका छौँ । थुप्रै सामाजिक विषयवस्तु पाखामा परेका भनेर मात्रै हुँदैन । थुप्रै भन्नाले कति जति ? कुन कुन सामाजिक विषयवस्तु पाखामा परे ? कुन सामाजिक विषयलाई *ब्लाष्ट*ले नजरअन्दाज गऱ्यो भनेर ठोस रूपमा भन्न सक्नुपर्छ, अनि मात्र आरोपको औचित्य स्पष्ट हुन्छ ।

**बन्द आह्वान गरेको विज्ञापन पनि _ब्लाष्ट_मा छापिँदो रहेछ नि । २०६३ मङ्सिर २५ मा प्रकाशित एक विज्ञापनमा लिम्बूवान स्वायत्त सरोकार मञ्चले आयोजना गरेको बन्द कार्यक्रममा प्रत्येक घरबाट एक जना उपस्थित हुन अनुरोध गरिएको छ । यस्तो विज्ञापन प्रकाशन गर्न मिल्ने हो र ?**

हरेकले आग्रह र पूर्वाग्रह भन्दा माथि उठ्न सक्नुपर्छ । पत्रकार आचारसंहितामा विज्ञापनलाई समाचार बनाउन हुँदैन भनिएको छ । तर समाचारलाई विज्ञापन बनाउन नहुने भनिएको छैन । कुनै विषय समाचार बन्न सक्छ भने त्यो विज्ञापन बन्न नसक्ने किन ? त्यसैलाई समाचार बनाउन मिल्थ्यो भने विज्ञापन बनाउँदा त्यसको नकारात्मक पक्ष के हुन्छ ? खैर यसको विषयमा पछि पनि छलफल वा बहस होला । *ब्लाष्ट*को व्यावसायिक ख्यातिलाई निमिटयान्न पार्ने प्रयास स्वरूप आएको यो आरोपको सवालमा पत्रकारिताका मुर्धन्य विद्वान, प्राध्यापक, नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल जस्ता संस्थाहरूले यो गलत हो भन्न सक्नुपर्छ ।

**मैले सोधेको प्रश्नले नै _ब्लाष्ट_को व्यावसायिक ख्याति निमिटयान्न पार्न खोजेको छ भन्ने आशय हो कि तपाईंको ?**

तपाईंको प्रश्नले व्यावसायिक ख्यातिलाई निमिटयान्न पार्छ भन्ने कुरा मैले गर्न खोजेको होइन । यस्तो आरोप वा हल्ला केही पत्रपत्रिकाहरूले यहाँ चलाएका थिए । प्रायोजित रूपमा मान्छे भेला पारेर *ब्लाष्ट*को विरुद्धमा मान्छे उभ्याउने प्रयासहरू भएका थिए भन्ने कुरालाई इङ्गित मात्र गर्न खोजिएको हो ।

**आफू मारिएको खबर *ब्लाष्ट*मा पढ्न पाएँ भनेर श्रीप्रसाद जबेगुले २०६३ असोज २ को *ब्लाष्ट*को अङ्कमा लेखेका छन् । ज्यूँदो मान्छे मरेको भनेर कसरी छापिन पुग्यो त ? समाचारलाई पुष्टि गर्न थप सोधखोज गर्ने चलन छैन ?**

समाचारलाई पुष्टि गर्न थप सोधखोज गर्ने चलन छैन भनेर *ब्लाष्ट*मा प्रकाशित अहिलेसम्मका हजारौं, लाखौं समाचारको बीचबाट एउटा समाचार निकालेर त्यसमा भएको एउटा गल्तीलाई नै आधार बनाउनु उपयुक्त हुँदैन । समाचारलाई पुष्टि गर्नका लागि विभिन्न स्रोतसँग हामीले प्रयास गरेकै हो । तर स्रोतले नै गलत खबर दिएकाले त्यस्तो हुन गएको हो ।

**तपाईंहरूले अहिलेसम्म प्रेस काउन्सिल नेपालअन्तर्गतको मिडिया विकास कोषबाट सहयोग लिनुभएको रहेनछ ? प्रयासै गर्नुभएन कि त्यो तपाईंहरूलाई आवश्यक भएन ?**

हामीलाई मिडिया विकास कोषको सहयोगको आवश्यक नपर्ने भन्ने कुरा हैन । त्यतिखेर प्रालि बनाएर आइज भनियो । तत्काल प्रालि बनाउन लाग्ने समय खर्च गर्नुभन्दा अर्को विकल्प सोच्न बाध्य भइयो । नेपाल बैंक लिमिटेडबाट दस लाखको ओभरड्राफ्ट कर्जा स्वीकृत गराई त्यसमा अरू रकम थपेर प्रेस ल्याइएको हो । त्यतिखेर हिमालयन बैंकबाट ऋण प्रवाह गर्ने गरिन्थ्यो । त्यसमा हुने झन्झटिलो प्रावधानका कारण पोखराका माधव शर्मा, इटहरीको सप्तकोशी प्रकाशन लगायतमा गरेको लगानी उनीहरूले घर बेचेर वा अन्य तरिकाले तिर्नुपरेको थियो ।

पछि कर्जा प्रवाह नगर्ने, ब्याजमा अनुदान दिने भनेपछि २५ लाखसम्मको ब्याजमा अनुदानका लागि आवेदन गरियो, स्वीकृत पनि भयो । तर सेकेण्ड ह्याण्ड मेशिनलाई त्यस्तो सुविधा नदिने भनिएकोले त्यतापट्टि लागिएन । भरखरै एसबीआई बैंक र बजारबाट ऋण उठाएर पुरानो चेक गणराज्यमा निर्मित मेशिन २८ लाखमा खरिद गरेका छौं । अब वेभ अफसेटका लागि प्रेस काउन्सिलमा एप्रोच गर्ने विचार गरेका छौं ।

**विभिन्न आधारमा पत्रिकाको वर्गीकरण गरी आर्थिक सहयोग दिने सरकारको नीति छ । यसले काठमाडौंबाहिरको पत्रकारितालाई कस्तो प्रभाव पारेको छ ?**

त्यो हात्तीको देखाउने दाँत मात्रै हो । लोककल्याणकारी विज्ञापन भनेर प्राप्त त भइरहेको छ, तर त्यो काफी छैन । यसले समुद्रमा थोपाको काम भने गरेको छ ।

सरकार आफैँले त्यो रकम दिनुको साथै स्थानीय विज्ञापन ब्रोडसिटका अखबारहरूमै केन्द्रिकृत हुने प्रथाको अन्त्य नगरेसम्म जुन नीति ल्याए पनि प्रभावकारी हुँदैन ।

**विराटनगर, इटहरी र धरानमा पनि एफएम स्टेसन बढिरहेका छन् । एफएम रेडियोको आगमनले स्थानीय छापा माध्यमलाई कस्तो प्रभाव परेको छ ?**

छापा माध्यमलाई असर परेको जस्तो लाग्दैन, *ब्लाष्ट*लाई त झनै असर परेको छैन । छापा माध्यमको प्रभावकारिता र रेडियोको प्रभावकारितामा फरक छ । धेरै कारणले रेडियोको प्रभावकारिताले छापाको प्रभावकारितालाई असर गर्दैन ।

**राजधानीका मिडियाले स्थानीय मिडियालाई कस्तो असर पारेका छन् ? काठमाडौँका पत्रिकाको पूर्वाञ्चल क्षेत्रीय संस्करणको असर कस्तो छ ? पत्रिकाका ग्राहक र विज्ञापनको बजारलाई तिनले कस्तो प्रभाव पारेका छन् ?**

अब राजधानीका मिडिया हेर्न, सुन्न र पढ्नैपर्छ भन्ने मानसिकता बिस्तारै स्थानीय पाठकहरूमा हट्दै गएको छ । यो स्थानीय मिडियाहरूका लागि शुभ सङ्केत पनि हो । राजधानीका मिडियाभन्दा स्थानीय मिडिया नै बढी पढ्न र सुन्न रुचाउन थालिएको छ । ग्राहक आ-आफ्नै हुनाले वितरणमा असर परेको छैन । विज्ञापनको कुरा गर्ने हो भने पूर्वाञ्चलका व्यावसायिक विज्ञापनहरू *कान्तिपुर* र *नेपाल समाचारपत्र*ले भन्दा बढी *ब्लाष्ट*ले नै पाउने गरेको छ । त्यसकारण ग्राहक र विज्ञापन (सरकारी बाहेक) को बजारलाई तिनले कत्ति पनि असर गरेका छैनन् ।

**मधेस आन्दोलनका क्रममा विभिन्न पत्रकारमाथि पनि आक्रमण भयो । *ब्लाष्ट*का पत्रकार पनि त्यसको शिकार बने । पत्रकारमाथि हमला हुनुको कारणलाई कसरी विश्लेषण गर्नुभएको छ तपाईंहरूले ?**

पत्रकारमाथिको आक्रमण मधेस आन्दोलनभित्रका केही निहित स्वार्थ बोकेका व्यक्तिहरूको मानसिक उपज हो । उनीहरूले मधेश आन्दोलनलाई आफूले भनेअनुसार सञ्चालन गर्न पत्रकारहरूका कारण नसकेकाले पत्रकारहरूमाथि आक्रोश पोखिएको हो, जुन निकृष्ट गैर जिम्मेवार क्रियाकलाप हो ।

**अहिले नेपाली प्रेसको स्वतन्त्रताको अवस्था कस्तो छ ? यसमाथि कस-कसबाट खतरा छ ? यसलाई सुनिश्चित गर्न के गर्नुपर्ला ?**

नेपाली प्रेसको स्वतन्त्रताको अवस्था अझै पनि धरमर छ । बारम्बार पत्रकारमाथि अझै पनि हमला भइरहेको छ । सूचनाको प्राप्त गर्ने अधिकारको ग्यारेण्टी भइसकेको छैन । यसले नेपाली प्रेसलाई आफ्नो निहित स्वार्थ पूर्तिका लागि प्रयोगमा ल्याउन खोज्छन्, तिनै व्यक्तिहरूबाट खतरा छ । यसलाई सुनिश्चित गर्न संविधानसभाको निर्वाचन चाँडोभन्दा चाँडो हुन जरुरी छ जसले सुनौलो नेपालको खाका कोर्नेछ । त्यसपछि प्रेसको अधिकार सुरक्षित हुनेछ । नेपाली प्रेसले केन्द्रिकृत नभई क्षेत्रीय वा स्थानीय रूपमा संरक्षित हुने मौका पाउने छन् ।

**तपाई मेची-महाकाली मिडिया सोसाइटीको उपाध्यक्ष पनि हुनुहुन्छ । के काम गर्छ यसले ? पत्रकारका हक हितका लागि भनेर खुलेका संस्था त थुप्रै छन् नि । यसको आवश्यकता किन पर्‍यो ?**

यो खासगरी केन्द्रीकरणका विरुद्ध विकेन्द्रीकरण, भ्रष्टाचारका विरुद्ध सशक्त कलम चलाउने मोर्चाका रूपमा विकसित गर्ने उद्देश्यले स्थापित भएको हो । नेपाली प्रेस सम्बन्धित हरेक कुराहरू राजधानीमै केन्द्रित भइरहेको विरुद्धमा मोफसललाई माथि उठाउने मान्यताका साथ हामीले यो संस्था स्थापना गरेका हौँ । तर बजेटको अभावमा यसलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सकिएको छैन ।